# सानिमा माई हाइड्रोपावर लिमिटेड

## विक्रम सम्वत् २०७७ साल पौष महिना २३ गते विहीबार अकामा होटेल, धुम्बाराही, काठमाण्डौमा सम्पन्न भएको नवौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

१. **पृष्ठभूमि :**

सानिमा माई हाइड्रोपावर लिमिटेडको नवौं वार्षिक साधारण सभा मिति २०७७ साल पौष महिना २३ गते तदनुसार ७ जनवरी, २०२१ मा अकामा होटेल, धुम्बाराही, काठमाण्डौमा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालकले कम्पनीका सञ्चालकहरू, प्रत्यक्ष तथा विद्युतिय माध्यमबाट उपस्थित शेयरधनीमहानुभावहरू तथा आमन्त्रित वर्ग र कम्पनीका पदाधिकारिहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई नवौं वार्षिक साधारणसभामा स्वागत गर्नु भएको थियो । वर्तमान कोभिड-१९ को असहजताका कारण सञ्चालक समितिका अध्यक्ष प्रत्यक्ष रूपमा उपस्थित हुन असमर्थ भई विद्युतिय भर्चूअल माध्यमबाट उपस्थि हुनु भएको थियो भने उपस्थित सञ्चालकहरूको सहमतिमा साधारण सभाको अध्यक्षता कम्पनीका सञ्चालक श्री भरत कुमार पोखरेलज्यूले गर्नु भए पश्चात सभा सञ्चालन भएको थियो । साधारण सभामा सभा अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन तथा कम्पनीका महाप्रबन्धक श्री गृष्म ओझाज्यूले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला माई नगरपालिका स्थित माई (२२ मे.वा.) तथा माई क्यास्केड (७ मे.वा.) जलविद्युत आयोजना सम्बन्धी बस्तुस्थितिका साथै यस कम्पनीद्वारा शेयर पूँजीमा लगानी गरिएको विभिन्न कम्पनीका जलविद्युत आयोजनाहरूको निर्माण प्रगतिको जानकारीका लागि पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गर्नु भएको थियो र सो पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरू उपर छलफल गरी निर्णय भएको थियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषय सूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १:०० बजे सभा समापन भएको थियो ।

**(क) <u>सभाको सूचना तथा प्रकाशन</u> :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७७ साल मंसिर १५ गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस नवौं वार्षिक साधारणसभाको जानकारीका लागि २०७७ साल मंसिर २५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक तथा पौष ३ गतेको कारोबार दैनिकमा दोस्रो पटक र आयोजना स्थल इलाम जिल्लाबाट प्रकाशित हुने इलाम एक्सप्रेस दैनिक पत्रिकामा कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गर्नुका साथै सभा सम्बन्धी सूचना एफएम उज्यालो रेडियो नेटवर्क ९० मेघाहर्जमा विभिन्न पटक प्रकाशित गरिएको थियो साथै उल्लिखित सूचना तथा जानकारी यस कम्पनीको वेबसाईट **<u>www.maihydro.com</u>** मा पनि राखिएको थियो ।

(ख) **उपस्थिति :**

(अ) **सञ्चालकहरूको उपस्थिति :**

| | |
|---|---|
| श्री टेकराज निरौला | सञ्चालक/अध्यक्ष |
| श्री भरतकुमार पोखरेल | सञ्चालक-सदस्य |
| श्री खेमराज लामिछाने | सञ्चालक-सदस्य |
| श्री घनश्याम थापा | सञ्चालक-सदस्य |
| श्री महेश घिमिरे | सञ्चालक-सदस्य |
| श्री आषिश श्रेष्ठ | सञ्चालक-सदस्य |
| श्री सिमरन कुमारी भिमसरीया | सञ्चालक-सदस्य |

(आ) **पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| श्री गृष्म ओभा | महाप्रबन्धक |
| श्री जयन्तकुमार रेग्मी | प्रबन्धक (कानुन) |
| सुश्री निशा कुम्पाखा | स. प्रबन्धक (वित्त) |
| श्री क्रान्त श्रेष्ठ | कम्पनी सचिव |

(इ) **विभिन्न निकायका पदाधिकारी/ प्रतिनिधिको उपस्थिति :**

श्री सुनिर कुमार ढुंगेल प्रतिनिधि, एसएआर एसोसियट्स, चार्टड एकाउन्टेनट (लेखापरीक्षक)

(ई) **शेयरधनीहरूको उपस्थिति :**

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - ५९ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - ४३४ जना |
| ३. जम्मा उपस्थिति संख्या | - ४९३ जना |

(ग) **नवौं वार्षिक साधारसभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**(क) साधारण प्रस्तावहरू**

१. नवौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७६/७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ. व. २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक संस्था SAR Associates, Chartered Accountants पुनः नियुक्तिका लागि योग्य रहेको ।)

४. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार आ.व. २०७६/०७७ को वितरण योग्य खुद मुनाफाबाट शेयरधनीहरूलाई चुक्ता पूँजीको ५ प्रतिशतका दरले नगद लाभांश (प्रस्तावित नगद लाभांश तथा बोनस शेयर बापतको कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

५. एक जना स्वतन्त्र र व्यवसायिक सञ्चालकको नियुक्ति गर्ने ।

६. शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरूलाई आ. व. २०७६/०७७ को वितरण योग्य खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर वितरण गर्ने ।

२. बोनस शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजीलाई निम्नानुसार वृद्धि गरी प्रबन्धपत्रमा संशोधन गर्ने ।

(क) कम्पनीको हालको अधिकृत पूँजी रू. २,७०,००,००,०००/-(अक्षरेपी दुई अर्ब सत्तरी करोड मात्र) बाट वृद्धि गरी रू. ३,५०,००,००,०००/- (अक्षरेपी तीन अर्ब पचास करोड मात्र) गर्ने ।

(ख) कम्पनीको हालको जारी तथा चुक्ता पूँजी रू. २,५५,३१,००,०००/- (अक्षरेपी दुई अर्ब पचपन्न करोड एकतीस लाख मात्र) बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रू. २,८०,८४,१०,०००/- (अक्षरेपी दुई अर्ब अस्सी करोड चौरासी लाख दश हजार मात्र ) गर्ने ।

३. कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्धपत्र/नियमावलीमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

**(घ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| विवरण | निष्काशित शेयर संख्या र शेयरधनी | स्वयम उपस्थित | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | २,५५,३१,००० | ६९,७३,३७४ | ८९,७६,२४७ | १,५९,४९,६२१ | ६२.४७ % |
| शेयरधनी संख्या | ३८,६९३ | ५९ | ४३४ | ४९३ | १.२७ % |

२. **<u>सभाको वैधानिकता :</u>**

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयधनीहरू स्वयम वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको नवौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ४९३ भएको र कुल बाँडफाँड भएको ६२.४७ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

(आ) वर्तमान कोभिड-१९ को असहजताका कारण सञ्चालक समितिका अध्यक्ष प्रत्यक्ष रूपमा उपस्थित हुन असमर्थ भई विद्युतिय भर्चूअल माध्यमबाट उपस्थि हुन भएको हुँदा कम्पनीको नियमावली बमोजिम उपस्थित सञ्चालकहरूको सहमतिमा साधारण सभाको अध्यक्षता कम्पनीका सञ्चालक श्री भरत कुमार पोखरेलज्यूले गर्नु भएको थियो ।

३. **<u>सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :</u>**

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भए पछि साधारण सभाका अध्यक्ष श्री भरतकुमार पोखरेलज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नु भयो । साथै कम्पनीका महाप्रबन्धकज्यूले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला माई नगरपालिका स्थित माई जलविद्युत आयोजना (२२ मे.वा.) तथा माई क्यास्केड जलविद्युत आयोजना (७ मे.वा.) को हालको वस्तुस्थिति, मर्मत सम्भारका कार्यहरू, विद्युत उत्पादन तथा आम्दानी, कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वका कार्य साथै यस कम्पनीद्वारा शेयर पूँजी लगानी गरिएको विभिन्न कम्पनीका जलविद्युत आयोजनाहरूको निर्माण प्रगतिको जानकारीका लागि कम्प्यूटर पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गर्नु भएको थियो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरिक्षण प्रतिवेदन सहितको २०७७ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७६/०७७ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरिएको थियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको आ-आफ्नो राय, सुझाव तथा प्रतिक्रियाहरूको मुख्य अंश निम्न अनुसार रहेकोछ ।

(अ) **श्री भक्ति प्रसाद उप्रेती**

शेयरधनीहरूलाई यस वर्ष १० प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद गरी १५ प्रतिशत लाभांश वितरण गर्न प्रस्ताव गर्नु भएकोमा कम्पनी व्यवस्थापन तथा सञ्चालक समितिलाई धन्यवाद दिन चाहन्छु । निर्धारित अवधि पश्चात हाल सञ्चालनमा रहेका आयोजनाहरू सरकारलाई हस्तान्तरण भए पछि पनि कम्पनीका शेयरधनीहरूलाई निरन्तर लामो समय सम्म प्रतिफल दिने उद्देश्यले अन्य आयोजना प्रवर्द्धक कम्पनीहरूमा लगानी विस्तार गर्नु, जोखिम

Sanima SMH KATHMANDU

नियन्त्रणका लागि आयोजनाहरूको बीमा गर्नु, कम्पनीको वित्तिय अवस्थालाई राम्रो राखि असल ऋणीको पहिचान बनाउन सक्नु, कम्पनीको प्रशासनिक खर्चलाई कम गर्नु जस्ता विभिन्न सकारात्मक कार्यहरूका लागि पनि म कम्पनीलाई धन्यवाद दिन चाहन्छु ।

सकारात्मक कार्यहरूका लागि धन्यवादका साथै कम्पनीलाई केही सुझावहरू पनि दिन चाहन्छु । कम्पनीको वार्षिक प्रतिवेदन अर्न्तगतको लेखापरीक्षण प्रतिवेदन तथा आर्थिक विवरणहरूलाई आगामी वर्षबाट सर्वसाधारण सबै शेयरधनीहरूले बुझ्ने गरी नेपाली भाषामा तयार गरौ । विद्युत प्रसारणलाई समयमानै नबन्दा निर्माण सम्पन्न आयोजनाले विद्युत विक्री गर्न नपाई घाटा व्यहोर्नु पर्ने हुँदा यसका लागि नेपाल विद्युत प्रधिकरण संग समयमानै प्रसारणलाईन निर्माण प्रगतिका लागि आवश्यक पहल गरौ । देशको आवश्यकता अनुसार जलासय युक्त आयोजनाहरूको निर्माणमा पनि अगाडी बढौ ।

**(आ) श्री अमृत नाथ रेग्मी**

सञ्चालनमा रहेका आयोजना निर्धारित अवधि पछि सरकारमा हस्तान्तण हुने भएतापनि नियमानुसार ती आयोजनाहरू यसै कम्पनीले खरिद गरी सञ्चालन गर्न सकिने हुँदा सोका लागि कम्पनीको जनरल रिजर्भलाई बढाउने कोशिस गरौ । रन अफ रिभरमा आधारीत आयोजनाहरू भन्दा जलासययुक्त तथा सेमीस्टोरेज प्रविधिमा आधारीत आयोजनाहरूले बढी लाभ दिने हुँदा त्यस्ता आयोजान निर्माणका लागि अहिले देखिनै तयारी गरौ । हाल जलविद्युत आयोजनाहरूमा सफ्ट लोन प्रदान गर्न विभिन्न अर्न्तराष्ट्रिय वित्तिय संस्थाहरू तत्पर रहेको हुँदा त्यस तर्फ पनि पहल गरौ । कम्पनीको व्यवसायमा विविधता ल्याई प्रसारण लाईनको निर्माण समेत आफैले गर्ने र आफ्नै विद्युत उपभोक्ता तयार गर्ने तर्फ पनि सोचौ । कम्पनीको वितरण गर्न बाँकी लाभांश सम्बन्धीत शेयरधनी लगानीकर्ताहरूलेनै प्राप्त गर्न सक्ने उचित व्यवस्था गरौ ।

**(इ) श्री दामोदर प्रसाद रेग्मी**

हालको अवस्थामा १५ प्रतिशत लाभांशलाई राम्रो मान्नु पर्दछ । तथापि आगामी वर्ष २५ प्रतिशत लाभांशको अपेक्ष गर्दछौं । प्रतेक वर्ष कम्तीमा २० प्रतिशत लाभांश निरन्तर रूपमा दिन सकिने लाभांश नीति अपनाऔं । साना जलविद्युत आयोजनाहरूको निर्माण लागत र समय न्यून हुनुका साथै यसबाट छोटो अवधिमा लागत उठ्ने र उच्च प्रतिफल प्राप्त हुन सक्ने साथै ग्रामिण क्षेत्रको पनि विकास हुने भएकोले सानिमाले यस तर्फ पनि सोचौ । विदेशी लगानीको सट्टा नेपालीकै लगानी रहेको सानिमा जस्तो कम्पनीको शेयरमा लगानीले आफ्नो पूँजी देशमानै रहने हुँदा थप आयोजना निर्माण गरी नेपालीलाई हिस्सेदार बनाउने कार्यमा लाग्नु राम्रो हुन्छ । कम्पनी राम्रो अवस्थामा छ अझ राम्रो होस भन्ने शुभकामना दिन चाहन्छु ।

**कम्पनीको तर्फबाट सभा-अध्यक्षज्यूको जवाफ**

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, प्रतिकृया, सुझाव र जिज्ञासा राख्ने कार्य सकिए पश्चात यस साधारण सभाका सभा अध्यक्ष श्री भरत कुमार पोखरेलज्यूले शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा स्पष्ट पार्दै र शेयरधनी महानुभावहरूले कम्पनीको उन्नति प्रगतिका लागि दिनु भएको सृजनात्मक र रचनात्मक सुझावका लागि धन्यवाद दिदै उपयुक्त सुझावहरूलाई कम्पनीले भविश्यमा लागु गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

SANIMA ... POWER LIMITED
SMH
KATHMANDU

४. **सभाको निर्णयहरू :**

निर्णयार्थ नवौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गर्‍यो :

(क) साधारण प्रस्ताव उपर छलफल तथा निर्णयहरू

१. **नवौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री भरतकुमार पोखरेलज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका जिज्ञासाहरूका सम्बन्धमा स्पष्ट गरी सकिएकोले उक्त **प्रतिवेदन पारित** गर्ने प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७६/७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको २०७७ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७६/०७७ **को वार्षिक** नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू **पारित** गरियो ।

३. **लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ. व. २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक संस्था SAR Associates, Chartered Accountants पुनः नियुक्तीका लागि योग्य रहेको ।)**

कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०७७/०७८ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्ने लेखापरीक्षक संस्था SAR Associates, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रू. १,८५,०००/-(अक्षरेपी एक लाख पचासी हजार मात्र) पारिश्रमिक निर्धारण गरी पुनः नियुक्त गर्ने सिफारिस गरेकोमा समितिको सिफारीस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०७७/०७८ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट **पारित** गरियो ।

४. **सञ्चालक समितिले प्रस्ताव गरे अनुसार आ.व. २०७६/०७७ को वितरण योग्य खुद मुनाफाबाट शेयरधनीहरूलाई चुक्ता पूँजीको ५ प्रतिशतका दरले नगद लाभांश (प्रस्तावित नगद लाभांश तथा बोनस शेयर बापतको कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरे अनुसार आ.व. २०७६/०७७ को कम्पनीको वितरण योग्य खुद मुनाफाबाट यस नवौं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरूलाई चुक्ता पूँजीको ५ प्रतिशतका दरले नगद लाभांश (प्रस्तावित नगद लाभांश तथा बोनास शेयर बापतको कर सहित) वितरण गर्न स्वीकृत गर्ने सम्बन्धी प्रस्ताप सभाबाट सर्वसम्मतिले पारित गरियो।

५. **एक जना स्वतन्त्र र व्यवसायिक सञ्चालकको नियुक्ति गर्ने ।**

यस कम्पनीका स्वतन्त्र तथा व्यवसायिक सञ्चालक श्री महेश घिमिरेज्यूको ४ वर्षको कार्यकाल पुरा भएकोमा आगामी कार्यकालको लागि समेत कम्पनीको स्वतन्त्र तथा

व्यवसायीक सञ्चालकमा श्री महेश घिमिरेज्यूलाईनै पुनः नियुक्ति गर्नका लागि सञ्चालक समितिको निर्णय अनुसार सिफारिस सहित स्वीकृतिका लागि यस सभा समक्ष पेश गरिएको प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो।

६. **शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।**

शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालकहरूको कार्यकाल पुरा भएको हुँदा कम्पनीको यस नवौं वार्षिक साधारण सभाबाट शेयरधनीहरूको तर्फबाट १ एक जना महिला सहित ४ जना सञ्चालकहरूको निर्वाचन प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार महिला तर्फ १ जना सहित जम्म ५ जना शेयधनीहरूको उम्मेदवारी परेकोमा उम्मेदवार मध्येका श्री विष्णुमणि गौतमले निर्धारित समयावधि भित्रै आफ्नो उम्मेदवारी फिर्ता लिनु भएको हुँदा आवश्यक सख्याका लागि मात्र उम्मेदावारी कायम रहन गएकोले तपसिलमा उल्लेखित उम्मेदवारहरू निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनु भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री बद्री विशाल घिमिरेले सभामा घोषणा गर्नु भयो ।

तपसिल

| क्र.सं. | निर्वाचित सञ्चालकको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | श्री टेकराज निरौला<br>खैरहनी ८, चितवन | शेयरधनी |
| २ | श्री तुक प्रसाद पौडेल<br>सौडियार १, दाङ<br>हाल का.म.न.पा. २, काठमाण्डौ | शेयरधनी |
| ३ | श्री खेमराज लामिछाने<br>पदमपुर २, चितवन | शेयरधनी |
| ४ | सुश्री सिमरन कुमारी भिमसरीया<br>का.म.न.पा. ३१, काठमाण्डौ | शेयरधनी श्री मयूर गणेश इन्भेष्टमेन्ट प्रा. लि.का आधिकारीक प्रतिनिधि |

**(ख) विशेष प्रस्ताव उपर छलफल तथा निर्णयहरू**

१. **सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७६/०७७ को वितरण योग्य खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर वितरण गर्ने ।**

कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७६/०७७ को वितरण योग्य खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशतले हुने रू. २५ करोड ५३ लाख १० हजार बराबरको बोनस शेयर प्रदान गर्ने सञ्चालक समितिबाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार प्रस्ताव गरिएकोमा प्रस्ताव बमोजिम यस नवौं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरूलाई चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

२. बोनस शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजीलाई निम्नानुसार वृद्धि गरी प्रबन्धपत्रमा संशोधन गर्ने ।

(क) कम्पनीको हालको अधिकृत पूँजी रू. २,७०,००,००,०००/-(अक्षरेपी दुई अर्ब सत्तरी करोड मात्र) बाट वृद्धि गरी रू. ३,५०,००,००,०००/- (अक्षरेपी तीन अर्ब पचास करोड मात्र) गर्ने ।

(ख) कम्पनीको हालको जारी तथा चुक्ता पूँजी रू. २,५५,३१,००,०००/- (अक्षरेपी दुई अर्ब पचपन्न करोड एकतीस लाख मात्र) बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रू. २,८०,८४,१०,०००/-(अक्षरेपी दुई अर्ब अस्सी करोड चौरासी लाख दश हजार मात्र ) गर्ने ।

यसै सभाको विशेष प्रस्ताव नं. १ बमोजिमको बोनस शेयर वितरण प्रयोजनका लागि कम्पनीको हालको अधिकृत पूँजी रू. २ अर्ब ७० करोडबाट वृद्धि गरी रू. ३ अर्ब पचास करोड बनाउने र हालको जारी तथा चुक्ता पूँजी रू. २ अर्ब ५५ करोड ३१ लाखबाट वृद्धि गरी रू. २ अर्ब ८० करोड ८४ लाख १० हजार बनाउने र सोही बमोजिम कम्पनीको प्रबन्धपत्रमा तपसिल बमोजिम संशोधन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

<u>तपसिल</u>

<u>प्रबन्धपत्रको दफा ६ को (क), (ख) र (ग) मा देहाय बमोजिम संशोधन गर्ने ।</u>

६(क) कम्पनीको अधिकृत पूँजी रु. ३,५०,००,००,०००/-(अक्षरेपी तीन अर्ब पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ३,५०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ख) कम्पनीको जारी पूँजी रु. २,८०,८४,१०,०००/- (अक्षरेपी दुई अर्ब अस्सी करोड चौरासी लाख दश हजार मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका २,८०,८४,१०० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ग) कम्पनीको चुक्ता पूँजी रु. २,८०,८४,१०,०००/- (अक्षरेपी दुई अर्ब अस्सी करोड चौरासी लाख दश हजार मात्र) हुनेछ ।

३. कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक समायोजन गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको संशोधन/थप अभिलेख गर्ने क्रममा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

(ग) <u>विविध</u>

विविध विषय अर्न्तगत कुनै छलफल तथा निर्णय भएन ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सुचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाउनु भएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस नवौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| ................................ | ................................ |
| क्रान्त श्रेष्ठ | भरत कुमार पोखरेल |
| कम्पनी सचिव | सभा-अध्यक्ष |